सार्वजनिक सल्लाह

# रोजगारमा अभ्यास संहिता जातीय भेदभाव विधेयक अन्तर्गत

## सूचना टिप्पणीहरु

平 等 機 會 委 員 會
EQUAL OPPORTUNITIES COMMISSION

अक्टोबर २००८

(Nepali Version)

# रोजगारमा अभ्यास संहिता

## जातीय भेदभाव विधेयकअन्तर्गत

### परिचय:

जातीय भेदभाव विधेयक (आरडीओ) जुलाई २००८ देखि लागू भएको हो। यसले जातीय विशेषता जस्तोसुकै भए पनि हाम्रो समाजलाई राम्रो र स्वच्छ बनाउन हङकङमा एउटा नौलो मौका दिएको छ।

हाम्रो जीवनको एउटा महत्त्वपूर्ण पाटो रोजगार हो। समान अवसर आयोगले सार्वजनिक सल्लाहका लागि भर्खरै रोजगारमा जातीय भेदभाव विधेयक अन्तर्गतको अभ्यास संहिताको मस्यौदा प्रकाशित गरेको छ। सल्लाह अवधि १३ अक्टोबरदेखि ८ डिसेम्बर २००८ सम्म आठ साताका लागि रहनेछ। अभ्यास संहिताको मस्यौदाले कसरी जातीय भेदभाव विधेयकले रोजगारसम्बन्धित विषयमा मानिसहरुलाई संरक्षण गर्छ भन्ने विषयमा बयान गरिएको हुन्छ। यसको डिजाइन रोजारको क्षेत्रमा रहेकाहरु जस्तै कर्मचारी, रोजगारदाता, मानव संसाधन अभ्यासकर्ता र ट्रेड युनियनहरुलाई आरडीओ अन्तर्गतको उनीहरुको अधिकार र जिम्मेवारीलाई राम्रोसित बुझाउन सहयोग गर्न गरिएको छ।

### अभ्यास संहिताको मस्यौदाका विषय:

अभ्यास संहिताको मस्यौदामा निम्न क्षेत्रहरु समेटिएको छः

### विधेयकमा जातिको अर्थ

- जातिको अर्थ के हो
- केलाई जातीय भेदभावका रुपमा लिइँदैन

### रोजगार संरक्षणको क्षेत्र

- रोजगारको अर्थ
- साना रोजगारदाता
- घरेलु सहायकहरु
- धर्म
- अन्य पेशागत सम्बन्धहरु
- अन्य कामसित सम्बन्धित विषयहरु

## विधेयक अन्तर्गत गैरकानुनी कामको विवरण

- "भेदभाव" भनेको के हो
- रोजगार सम्बन्धको विभिन्न पक्ष र चरणको लागू गर्ने पक्ष
- "जातीय दुर्व्यवहार"को अर्थ के हो
- जातीय दुर्व्यवहार गैरकानुनी हुने सम्बन्धहरु
- गालीगलौज र गम्भीर गाली गलौज
- विधेयक अन्तर्गतका अन्य गैर कानुनी कार्यहरु

## गैरकानुनी कामका लागि कानुनी उत्तरदायित्व

- रोजगारदाता र प्रमुख कानुनी उत्तरदायित्व
- कर्मचारीको गैरकानुनी कामलाई सहयोग गरेवापत् कर्मचारीको कानुनी उत्तरदायित्व
- कर्मचारीको प्रत्यक्ष कानुनी उत्तरदायित्व
- गैरकानुनी कार्य रोक्न एक कर्मचारीले चाल्न सक्ने अभ्यासयोग्य कदमहरु।

## प्रत्यक्ष र अप्रत्यक्ष भेदभावसम्बन्धमा थप विवरण

- प्रत्यक्ष भेदभाव
- अप्रत्यक्ष भेदभाव

## अपवाद र असर नपर्ने विषयहरु

- असली पेशागत योग्यता
- हङकङबाहिर प्रयोग हुने सीपका लागि तालीम
- विशेष सीप, ज्ञान वा अनुभव भएका व्यक्तिको रोजगारी
- विद्यमान स्थानीय र समुद्रपारी शर्तहरु।
- विशेष घटना

## राम्रो अभ्यास

- नीति निर्माण
- कार्यान्वयन

## गुनासो तथा कानुनी प्रक्रिया

- गुनासो सुनुवाई
- कानुनी सहयोग
- कानुनी प्रक्रियामा लाने अधिकार

## संहिताको मस्यौदा कसरी प्राप्त गर्ने:

यो संहिताको मस्यौदा सम्बन्धित समूह, अल्पमतका जातीय संस्थाहरु र स्टेकहोल्डरहरुलाई प्रतिक्रियाका लागि वितरण गरिएको छ। यो गृह मामिला विभागको सार्वजनिक सोधपूछ सेवा, समान अवसर आयोगमा र हाम्रो वेबसाइट (http://www.eoc.org.hk) मा उपलब्ध छ। सर्वसाधारणलाई नोभेम्बरदेखि डिसेम्बर २००८ सम्म हुने सल्लाह छलफलमा सहभागी हुन स्वागत छ। विस्तृत विवरणका लागि, कृपया हाम्रो वेबसाइट हेर्नुस्।

मार्च २००९ मा विधायिका परिषद् (लेगको) मा टेबल हुनुअघि सार्वजनिक दृष्टि र प्रतिक्रियालाई उचित रुपमा संहितामा राखिनेछ। लेगकोले पास गरेमा संहिता अप्रिल २००९ देखि लागू हुनेछ।

**तपाईँलाई समान अवसर आयोगमा तपाईँका विचार राख्नलाई स्वागत छ। कृपया यो कागजातका सम्बन्धमा आफ्ना प्रतिक्रियाहरु लिखित रुपमा ८ डिसेम्बर २००८ सम्ममा पठाउनु होलाः**


ठेगाना: 19/F, Cityplaza Three, 14 Taikoo Wan Road

Taikoo Shing, Hong Kong

फ्याक्सः 2511 8142

इमेल: eoc@eoc.org.hk

वेबसाइट: http://www.eoc.org.hk

फोन: 2511 8211


## समावेशी समाज निर्माणका लागि हामीसित आवद्ध हुनुस्